# कीर्तिपुर नगरपालिका कार्यालय

कीर्तिपुर, काठमाडौं

## सवारी साधन (4WD Diesel Engine Jeep Type) खरीद सम्वन्धि

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७३/०५/१८)

यस नगरपालिकाको चालू आ.व. ०७३/०७४ को स्वीकृत कार्यक्रम अनुसार थान १ 4WD Diesel Engine Jeep Type Vehicle शिलवन्दी बोलपत्रको माध्यमवाट खरीद गर्नु पर्ने भएकोले सम्बन्धित कम्पनी र फर्म/निर्माता/सप्लार्यसले फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. को कर चुक्ता प्रमाणपत्र र व्यवशाय दर्ता प्रमाणपत्र भएका फर्महरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न सम्वन्धित सवैको जानकारीको सूचना प्रकाशित गरिएको छ ।

१) सिलबन्दी बोलपत्र फाराम राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र फिर्ता नहुने गरी तोकिएको दस्तुर रु १०००।- जम्मा गरेको सक्कल रसिद निवेदन साथ संलग्न राखी बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयवाट शिलवन्दी बोलपत्र खरिद गर्न सक्नेछ ।

२) खरीद गरेको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र यस नगरपालिका कार्यालयमा दर्ता गराउनु पर्ने छ । दर्ता भएको शिलबन्धी वोलपत्रहरु सोही दिनको २:०० वजे बालपत्रदाता र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिका कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३) शिलबन्दी बोलपत्र साथ जमानत वापत कवाृल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम यस नगरपालिकाको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको ग ३-१ धरौटी कीर्तिपुर न.पा. खाता नं. स.अ. १२०४७०३-००१-०३०-५२४ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकबाट **जारी गरिएको** विडवण्ड संलग्न गर्नु पर्ने छ ।

४) बोलपत्रदाताले कवोल गरेको दर रेट अंक अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५) बोलपत्र दाताले सिलवन्दी बोलपत्र स्वीकृत भएको १५ दिन भित्र कवोल अंकको ५% ले हुने रकम यस कार्यालयको धरौटी खातामा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा कम्तिमा एक वर्ष म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी गरिएको परफरमेन्स वण्ड पेश गर्नु पर्ने छ । नगद जमानत राखेकोमा पछि वैंक ग्यारेन्टीमा परिणत गरिने छैन ।

६) प्रत्येक शिलवन्दी बोलपत्रदाताले बोलपत्र फारममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नु पर्ने छ ।

७) बोलपत्र दाताले बोलपत्र खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फारम मात्र खरिद गर्नु पर्ने छ । साथै रीत नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको शिलवन्दी बोलपत्र माथी कुनै कार्यवाही गरिने छैन ।

८) खरीद गरिने सवारी साधन (4WD Diesel Engine Jeep Type Vehicle ) बोलपत्र फारम साथ रहेको स्पेशिफिकेशनमा उल्लेखित मापदण्ड अनुसारको हुनु पर्ने छ । यदी स्पेशिफिकेशनमा उल्लेख गरे अनुसार नभएमा उक्त सवारी साधन (4WD Diesel Engine Jeep Type Vehicle) स्वीकार गरिने छैन ।

९) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन र समयमा बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने छ ।

१०) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुने छ ।

११) अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगरपालिका कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**र्कायकारी अधिकृत**